# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
### लाकुरीभञ्ज्याङ, नुवाकोट
### बागमती प्रदेश, नेपाल

प.सं.:२०८२/०८३
सू.नं.: ८

**कार्यक्रम संचालनको लागि प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना !**
प्रकाशित मिति: २०८२/०८/२६

**पञ्चकन्या गाउँपालिका कृषि बिकास शाखाको बार्षिक स्वीकृत कार्यक्रम अर्न्तगत प्रदेश सर्शत तर्फको बजेट बाट आ.व २०८२/८३ मा तपशिलमा उल्लेखित कृषि विकास कार्यक्रमहरु संचालन** लागि यस गाउँपालिकाको तपशिलको कार्यक्षेत्र भित्रका इच्छुक कृषक समूह, कृषि सहकारी, सार्वजनिक निकाय, संघ/संस्था, प्राविधिक शिक्षालय, सामुदायिक बिद्यालय, जल वन उपभोक्ता/ कृषि उपज/पशुपन्छी/मत्स्य बजार समिति र निजी उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले २१ (एकाइस) दिन भित्र देहायका आवश्यक कागजात सहित तोकिएको ढाचाँमा निवेदन पेश गर्ने जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। स्वीकृत कार्यक्रमहरु **स्थानिय तहमा सशर्त अनुदान कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२** बमोजिम संचालन गरिनेछन। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समाबेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.सं | कार्यक्रमको नाम | कार्यक्रम संचालन गरिने वडा | कार्यक्रमको कुल बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | तरकारी संकलन केन्द्रलाई सहयोग कार्यक्रम पञ्चकन्या २ नुवाकोट | वडा नं २ | रु.१५ लाख | |
| २ | कृषि तथा पशुपन्छी प्रवर्द्धन कार्यक्रम पञ्चकन्या १ | वडा नं १ | रु.१० लाख | |

आवश्यक कागजातहरु:

- कृषक समुह/कृषि सहकारी/कृषि फर्म/उद्यमी कृषकको हकमा दर्ता प्रमाणपत्र, नविकरण, करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- कृषि सहकारी/कृषक समुहको हकमा समितिको बैठकको निर्णयको प्रतिलिपि,
- सम्बन्धित वडाको सिफारिस,
- तोकेको ढाचाँमा निवेदन,
- तोकेको ढाचाँमा प्रस्तावना पत्र,
- तोकेको ढाचाँमा प्रतिवद्धता पत्र,
- तोकेको ढाचाँमा स्व–घोषणा,
- स्वामीत्व खुल्ने जग्गाको कागजात वा भाडामा लिएको भए सम्झौता पत्र,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (कृषक समुह/कृषि सहकारीको पदाधिकारीको मात्र)

एजिना अधिकारी
कृषि विकास शाखा प्रमुख